# "समुदायमा सरकारी वकील कार्यक्रम"

# प्रतिवेदन

## मिति :-२०७९/०८/२१


आयोजक

उच्च सरकारी वकील कार्यालय, जुम्ला

प्रतिवेदकहरु

सहायक न्यायाधिवक्ता श्री दिपेश प्रताप शाह

नायब सुब्बा श्री भरत बहादुर खत्री

उच्च सरकारी वकील कार्यालय जुम्ला

# विषयसूची

१. कार्यक्रमको संक्षिप्त जानकारी

२. कार्यक्रमको उद्देश्य

३. कार्यक्रममा प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ता

४. छलफलमा व्यक्त भएका विचारहरु र उठेका मुख्य मुख्य विषयहरु

५. छलफलमा उठेका विषयमा सम्बोधन

६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरु

७. कार्यक्रममा आईपरेका समस्या र चुनौतिहरु

८. आगामि कार्यक्रमको लागि सुझाव

९. अनुसूचिहरु

कार्यक्रम तालिका

कार्यक्रममा सहभागिहरुको हाजिरी विवरण

कार्यक्रमको तस्विर

# कार्यक्रमको संक्षिप्त प्रतिवेदन

## १.कार्यक्रमको संक्षिप्त जानकारी

१.१ कार्यक्रमको नाम :-समुदायमा सरकारी वकील।

१.२ कार्यक्रम सञ्चालन स्थान :-पातारासी गाँउपालिका वडा नं. ५, ल्हासी, जुम्ला

१.३ मिति :-२०७९/०८/२१

१.४ कार्यक्रम अवधि :- दिउँसो १२ बजे देखि वेलुका ३:०० बजे सम्म

१.५ सहकार्य भएको निकाय वा संस्था :- पातारासी गाउपालिका. ५ नं वडा कार्यालय, जिल्ला प्रहरी कार्यालय जुम्ला ।

१.६ कार्यक्रम संचालन :- नायव सुव्वा श्री भरत बहादुर खत्री उच्च सरकारी वकील कार्यालय, जुम्ला

क) संयोजक : नि. सहन्यायाधिवक्ता श्री भिम प्रसाद भुर्तेल उच्च सरकारी वकिल कार्यालय जुम्ला ।

ख) प्रमुख अतिथि: नि.सह — दत्त बहादुर बुढा पातारासी गाउपालिका. ५ नं वडा अध्यक्ष ।

ग) अथितीः नि रजिष्ट्रार श्री राकेश मणी उपाध्याय, उच्च अदालत सुर्खेत, जुम्ला ईजलास ।

ग) सहयोगी कर्मचारीहरु : खरिदार धिरेन्द्र कुमार यादव, हलुका सवारी चालक नवराज वुढा, कार्यालय सहयोगी श्री कृष्ण प्रसाद प्याकुरेल उच्च सरकारी वकील कार्यालय जुम्ला ।

## २. कार्यक्रमको उद्देश्य

२.१ समुदायलाई सरकारी वकीलले गर्ने काम कारवाही बारे जानकारी गराउने ।

२.२ समसामयिक कानूनको वारेमा जानकारी गराउने

२.३ सरकारवादी फौजदारी कानून र मुद्दाको सम्बन्धमा समुदायले उठाएका जिज्ञासाहरुको सम्बोधन गर्ने ।

## ३.कार्यक्रममा प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ता

क) महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलको कार्यालयहरुको काम कर्तब्य र अधिकार सम्बन्धी जानकारी, देहाय बमोजिमका मूद्दामा रहेको कानूनी व्यवस्था बारे उच्च सरकारी वकील कार्यालयका सहायक न्यायाधिवक्ता श्री दिपेश प्रताप शाह बाट प्रस्तुत भएको ।

- लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गतको कसूर
- मानव वेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ अन्तर्गतको कसूर
- वालवालिका सम्बन्धी ऐन, २०७५ अन्तर्गतको कसूर
- घरेलु हिंसा (कसूर सजाय) ऐन, २०६६ अन्तर्गतको कसूर ।
- जातिय तथा अन्य सामाजिक छ्वाछूत र भेदभाव(कसूर र सजाय) ऐन, २०६८ अन्तर्गतको कसूर ।
- बोक्सीको आरोप (कसूर र सजाय)ऐन, २०७३ अन्तर्गतको कसूर।
- विवाह सम्बन्धी कसूर ।
- अपहरण वा शरिर बन्धक र करणी सम्बन्धी कसूर ।

- चोरी तथा डाँका सम्बन्धी कसूर ।

**४. सहभागीहरुबाट उठेका जिज्ञासाहरु**

- कुन प्रकृतीकमा मूद्दाहरुमा धरौटी वा तारेखमा छुट्छन् र कुन प्रकृतीका मुद्दाहरुमा पुर्पक्षकोलागी थुनामा राखिन्छ ।
- प्रतिवादीले पीडित र साँक्षीहरुलाई देखाउने डर, त्रास र धाक धम्किका विषयलाई न्यूनिकरण गर्न कानूनमा कस्तो व्यवस्था रहेको छ ।

**४.छलफलमा उठेका विषयहरुको सम्बोधन:**

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषय एवं जिज्ञासाहरुको सम्वोधन उच्च सरकारी वकील कार्यालय जुम्लाका निमित्त सह-न्यायाधिवक्ता श्री भिम प्रसाद भुर्तेलले बुदाँगत रुपमा गर्नुभएको थियो ।

**५. कार्यक्रमबाट हासिल भएका मुख्य उपलब्धिहरु:**

- सरकारी वकीलको काम कारवाही र अधिकारका बारेमा सहभागीहरुलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्वि भएको ।
- समसामयिक कानूनको वारेमा सहभागीलाई जानकारी भएको ।
- कार्यक्रममा प्रस्तुत भएका विभिन्न कानूनहरुको सन्दर्भमा उक्त कानूनले गरेका कसूर सम्बन्धी र दण्ड सजायको बारेमा सहभागीहरुलाई जानकारी भएको ।

**६.कार्यक्रम आयोजनामा आईपरेका समस्या /चुनौतीहरु**

समुदायमा सरकारी वकील कार्यक्रम पातारासी गाँउपालिका वडा नं. ५ ल्हासीमा संयोजनमा गरीएको हो ।कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतिको सामना आयोजकले गर्नु परेन ।

**७.आगामी कार्यक्रमका लागि सुझाव:**

समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा समुदायका हरेक वर्ग , क्षेत्र र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्वि हुनुका साथै विभिन्न फौजदारी कसूरको रोकथाम र जनचेतनाको अभिवृद्धि हुनुको साथै अनुसन्धानमा समुदायको सहयोग वृद्वि हुने देखिन्छ भने यस्ता कार्यक्रमहरुलाई विद्युत्तीय संचारका माध्यमबाट प्रचार प्रसार गर्नुका साथै सडक नाटक, गीत संगितको माध्यमा ढाल्न सकिए अझै प्रभावकारी हुने देखिन्छ ।

**अनुसूचीः-**

१. सहभागीहरुको हाजिरी

२. कार्यक्रममा लिइएको फोटो


समुदायमा सरकारी वकील कार्यक्रम
समुदायमा सरकारी वकील कार्यक्रम
छलफल तथा अन्तरक्रिया


समुदायमा सरकारी वकील कार्यक्रम